## जात्रामा...

बसोबास रहेका विभिन्न गाउँहरुमा अन्य समुदायको समेत सहयोग लिएर जात्राको परम्परा जोगाउने काम भइरहेको उनले बताए।

पहिले जात्रा पुरानो बजारमा मात्र हुन्थ्यो । पाटेचौरको भीमसेन थानमा आएर मात्र जात्रा सुरु गरिन्थ्यो । जात्रा हेर्नका लागि विभिन्न गाउँबाट प्रशस्त मात्रामा दर्शकहरु आउथे, जसले गर्दा भिडभाड हुन्थ्यो । 'पहिले जस्तो जात्रा नभएकै हो, अहिले पहिले जस्तो नाच्ने बझाउने मान्छेको अभाव नै छ,' नेवार समुदायका अगुवा मोहनलाल श्रेष्ठले भने,'अहिले ठाउँठाउँमा जात्रा हुन थाल्यो हेर्न आउने दर्शक पनि कम भए तर यसलाई पनि कम भन्न चाँही मिल्दैन ।' अहिले हरमटारी, बसपार्क, छिपिटोल, पंदेली, पाटेचौर, पोखरीथोक, ढाँडगाउँ लगायतका सात ठाउँमा जात्रा विभाजन भएको उनले बताए। यसको अलवा धारापानी, सतिपिपल, खिरेपानी लगायतका ठाउँमा पनि जात्रा निकाल्ने गरिएको छ । गोरखा सदरमुकाममा छिपिटोलको जात्रा अलि फरक छ। उक्त टोलमा परम्परा देखि चलिआएका सबै नाचलाई जगेर्ना गर्न अघि बढाइएको छपिटोल सांस्कृतिक परियारका सचिव रामबाबु श्रेष्ठले बताए। 'हाम्रो क्रियाकलापहरु कत्तिपनि घटेको छैन, तर हेर्ने दर्शक भने अवस्य घटेको हो। यसको मुख्य कारण अहिले ठाउँठाउँमै नाच हुन थालेर हो,' उनले भने,'युवाहरु विदेश गएका छन्, बसाईसराई पनि उत्तिकै छ। त्यसले पनि कम भएको देखिन्छ।'

पछिल्लो समय गोरखा बजार पनि पहिलेको जस्तो छैन । संघीयता पछि गाउँगाउँमा बजारहरु बिस्तार हुने क्रम छ। सोही अनुरुप सदरमुकाम क्षेत्रको व्यापार व्यवसाय र चहलपहल सबै घटेको छ । त्यसको प्रभाव पनि जात्रा परेको हुन सक्ने सरोकारवालाहरु बताउँछन् । यसैगरी गाउँठाउँमै जात्रा भएपछि दर्शकको रुपमा हेर्न आउने मानिसहरुको कमि पनि भएको उनीहरुको भनाई छ। गोरखामा आइतवार गाईजात्रा र सोमवार हिलेजात्रा मनाइएको छ।

गाइजात्रा विशेष गरी नेवार समुदायको महत्वपूर्ण पर्व हो । जिल्ला सदरमुकाम र आसपासका नेवार समूदायले वर्षेनी आफ्नो परम्परागत पर्व तथा जात्रा मनाउने गर्छन् । जिल्लाको आँपपिपल, ठाँटीपोखरी, बारपिर्के, च्याङ्ली लगायत पालुङ्टार नगरपालिका क्षेत्र, आरुघाट, भिमसेन, गण्डकी, सहिद लखन, सिरानचोक लगायतका विभिन्न स्थानीय तहमा पनि परम्परागत रुपमा जात्रा मनाउने प्रचलन छ । गाईजात्राको अवसरमा वर्षभरि दिवंगत भएका आफन्तको सम्झनामा गाईको अनुहार र गणेशको चित्र अंकित गरी शहर परिक्रमा गर्ने चलन छ । यसो गर्दा मृतकको आत्माले यमलोक जाँदा बाटोमा पर्ने वैतरणी नदी सजिलै तर्छन् र मोक्ष मिल्छ भन्ने धार्मिक विश्वास छ।

गाई पाल्नेहरुले भने गाईलाई सिंगारेर नगर परिक्रमा गराउने गर्छन् भने केहीले जोगीको भेष धारण गरी रंगीबिरंगी कपडा, मुखुण्डो, पेरुङाको टोपी तथा लामो जामा र पटुका लगाएर सांस्कृतिक बाजागाजासहित नगर परिक्रमा गर्ने चलन छ।

नगर परिक्रमा गर्दा दिवंगत आफन्तको सम्झनामा विभिन्न भोजन पनि गराउने चलन छ । यो जात्रा काठमाडौं उपत्यकाका तत्कालिन राजा प्रताप मल्लकी रानी आफ्नो छोरा चक्रप्रतेन्द्र मल्लको मृत्यु शोकमा डुबेपछि, रानीलाई सान्त्वना दिन राजा प्रताप मल्लले शहरमा वर्षभरी कति जनाले आफन्त गुमाए, कतिजनालाई यस्तै शोक पर्‍यो भनेर देखाउन गाई जात्राको चलन बसालेको विश्वास छ। काठमाडौं उपत्यका लगायत मूख्य रुपमा नेवार समुदायको बाक्लो बस्ती रहेका शहरहरुमा यो पर्व मनाइन्छ। गाईजात्राको अवसरमा मुलुकको राजनीति तथा सामाजिक विसंगतिप्रति व्यंग्य गरेर पनि यो पर्व मनाउने गरिन्छ।








## नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
## आयोजना क्लष्टर इकाई
## गोरखा

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०४।२७**

प्रस्ताव आह्वान सम्वन्धी सूचना

यस खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, क्लष्टर इकाई, गोरखाको आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसीलमा उल्लेख भएका कार्यक्रम संचालन गर्नका लागि आयोजना संचालन क्षेत्रका गाउँपालिकाहरुमा आयोजनावाट गठन भई सम्वन्धित गाउँपालिकामा दर्ता भई परिचालन भएका उत्पादक समूहहरु तथा पोषण समूहहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवश्यक कागजातहरु र कार्यालयवाट उपलब्ध हुने व्यवसाय योजनाको ढाँचामा आवश्यक व्यवसाय योजना बनाई प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नहुने व्यहोरा जानकारी गराइन्छ।

आयोजना संचालन भएका जिल्ला र गाउँपालिकाहरु :

धादिङ जिल्ला : गल्छी गाउँपालिका र सिद्धलेक गाउँपालिका

गोरखा जिल्ला : सहिद लखन गाउँपालिका र आरुघाट गाउँपालिका

**कार्यक्रमको विवरण**

| क.सं | कार्यक्रमको नाम | एकाई | संख्या | निवेदन गर्न सक्ने समूह |
|---|---|---|---|---|
| १ | साना सिंचाइ कार्यक्रम | संख्या | ५२ | उत्पादक (बाली उत्पादन सम्बन्धी समूहहरु) |
| २ | बाली उत्पादन प्रर्वद्धन कार्यक्रम | संख्या | ३३ | उत्पादक (बाली उत्पादन सम्बन्धी समूहहरु) |
| ३ | आयोजनाबाट गठित विउ उत्पादक समुहहरुलाई सहयोग कार्यक्रम | संख्या | ४ | उत्पादक समूहहरु (कार्यालयबाट आ.व. २०८१।८२ मा बीउ उत्पादन सम्बन्धी सहयोग प्राप्त गरेका) |
| ४ | बोयर बाख्राको मल्टिप्लायर हर्ड स्थापना तथा परिचालन( (नयाँ समुहहरुमा पहिलो वर्षका लागि) | संख्या | २ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रममा समाबेश नभएका समूहहरु) |
| ५ | ग्रामिण कुखुरा पालन प्रवर्धन कार्यक्रम | संख्या | १४ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रममा समावेश नभएका समूहहरु) |
| ६ | दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | ४ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रममा समाबेश नभएका समूहहरु) |
| ७ | पुरक अनुदान कार्यक्रम (कृषि /पशुपन्छीको उत्पादकत्वमा सुधार, प्रशोधन तथा मुल्य अभिवृद्धि आदि) | संख्या | ७४ | उत्पादक समूह (बाली उत्पादन र पशुपालन) |
| ८ | ग्रामीण बजार, संकलन केन्द्र तथा हाटबजार हरुको सुधार/पुनर्स्थापनामा सहयोग | संख्या | २ | उत्पादक समूह (बाली उत्पादन र पशुपालन) |
| ९ | Handling and Processing संरचनाहरुको निर्माणमा सहयोग | संख्या | २ | उत्पादक समूह (बाली उत्पादन र पशुपालन) |
| १० | बाख्रापालन प्रवर्धन कार्यक्रम | संख्या | ४५ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रममा समाबेश नभएका समूहहरु) |
| ११ | पशुपन्छीको गोठ सुधार तथा गोठेमल व्यवस्थापन सम्बन्धी प्रर्दशन | संख्या | ३६ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रममा समावेश नभएका समूहहरु) |
| ११ | साना अनुदान कार्यक्रम (पोषण सुरक्षामा सुधार ) | संख्या | ४० | पोषण समूहहरु |
| १२ | घरबारी पोषण बगैचा कार्यक्रम संचालन( (पहिलो वर्षको लागि) ) | संख्या | ८८ | पोषण समूहहरु |

**आर्थिक पक्षः** कार्यालयवाट व्यहोरिने रकममा उत्पादक समूहहरु र पोषण समूहहरुको लागत साझेदारीता प्रतिशत आयोजनाको स्वीकृत कार्यविधी वा आयोजना कार्यान्वयन म्यानुअलमा उल्लेख भएको रकम अनुसार हुनेछ।

**पेश गर्नु पर्ने कागजातहरुः**

- रु.१० को हुलाक टिकट टाँसी कार्यक्रम माग निवेदन
- गाउँपालिकामा समूह दर्ताको प्रमाण (पत्रको प्रतिलिपी)
- स्थायी लेखा नम्वरको प्रतिलिपी तथा समूहको कार्यक्रम माग सम्वन्धी निर्णयको प्रतिलिपी
- कार्यालयवाट उपलब्ध भएको आवश्यक ढाँचा अनुसारको व्यवसाय योजनाको प्रस्ताव

**नोटः** यस सूचना सम्वन्धी विस्तृत जानकारी तथा प्रस्तावको नमूना कार्यालय समयमा आयोजना क्लष्टर इकाई, गोरखामा र आयोजनाको तर्फवाट सम्वन्धित गाउँपालिका स्थित सम्पर्क केन्द्रमा कार्यरत प्राविधिक तथा आयोजना सहजकर्ताहरुवाट प्राप्त गर्न सकिनेछ। साथै प्रस्तावहरु छनौट भए नभएको जानकारी आयोजना क्लष्टर इकाई गोरखाको सूचना पाटीमा हेर्न सकिने छ र स्वीकृत कार्यविधीहरु website : http// :fansep.moald.gov.np/मा उपलब्ध भएको जानकारीको लागि अनुरोध छ। सम्पर्क न : सूचना अधिकारी: ९८५६०७०७४४ र कार्यालय प्रमुख: ९८५६०७०७४५, इमेल : fansep.gorkha@gmail.com .